# बदल्यौं कांग्रेस, बदल्छौं देश !



## विनोद चौधरीको प्रतिबद्धता र तीन वर्षमा प्राप्त उपलब्धि

प्रतिनिधिसभा सदस्य पदका उम्मेदवार,
नवलपरासी (ब.सु.प.) क्षेत्र नं. १

# समुन्नत नवलपरासीका लागि
# विनोद चौधरी



## आदरणीय बुबा, आमा, दाजुभाइ तथा दिदी, बहिनीहरू, म विनोद चौधरीका तर्फबाट जय नेपालको न्यानो अभिवादन

लोकतन्त्रप्रतिको यहाँहरूको अटल विश्वास र प्रतिबद्धताका कारण २०७९ को आमनिर्वाचनमा नवलपरासी (बसुप) क्षेत्र नं.-१ बाट प्रतिनिधिसभा सदस्य पदमा मलाई अत्यधिक बहुमतका साथ विजयी बनाउनु भएको गौरवपूर्ण इतिहास कायम गर्नुभएको सगौरव स्मरण गर्दै यहाँहरूप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

गत भदौ २३ गतेको जेनजी आन्दोलनबाट उत्पन्न परिस्थितिका कारण तीन वर्षमै पुनः आमनिर्वाचन गर्नुपरेको छ । देशमा सुशासन स्थापना गर्न भ्रष्टाचार निर्मूल गर्न र आम नागरिकलाई सहज रूपमा सर्भिस डेलिभरी हुनुपर्ने मुख्य मागसहित हाम्रा जे नजीहरूले गरेको आन्दोलन वास्तवमै यो देशका लागि आवश्यक थियो । जेनजीको भावनाअनुसार नेपाली कांग्रेसले विशेष महाधिवे शन गरी युवा नेता गगन थापाको नेतृत्वमा पार्टीको रुपान्तरण गरिसकेको छ । नेपाली कांग्रेस गगन थापालाई आगामी सरकार को प्रधानमन्त्री घोषणा गरेर निर्वाचनमा होमिएको छ । हामीले विगतका कमजोरीलाई सच्याउँदै आर्थिक विकासको एजेन्डालाई केन्द्रमा राखेर काम गर्नेछौं ।

मैले विगत लामो समयदेखि यी विषयलाई सार्वजनिक मञ्च, पार्टीका कार्यक्रम र संसद्मा उठाउँदै आएको थिएँ । देशमा सुशासन कायम गर्न र आर्थिक विकासका एजेन्डालाई राजनीतिको केन्द्रमा राख्नुपर्ने मेरो मान्यता रहँदै आएको छ । तर, विगत ३५ वर्षदेखि हामीले यी पक्षमा काम गर्न नसकेको यथार्थलाई स्वीकार गर्नुपर्छ ।

यस पृष्ठभूमिमा हामी निर्वाचनमा सहभागी भइरहेका छौं । समुन्नत नवलपरासी बनाउन गएको तीन वर्षमा हामीले अहोरात्र काम गरेका छौं, जसका कारण हिजोका दिनमा ‘बत्तीमुनिको अँध्यारो’ जस्तो रहेको नवलपरासी (ब.सु.प.) निर्वाचन क्षेत्र नं. १ अहिले शिक्षा, स्वास्थ्य र रोजगारीको उदीयमान ठाउँका रूपमा विकास भएको छ । ट्रमा सेन्टर, औद्योगिक ग्राम, हुलाकी राजमार्ग निर्माण, सुस्ता झोलुंगे पुल निर्माण एवं सुस्तापारिको विद्युतीकरण, युवा सीप विकास तालिम, सरावल र सुस्तामा अस्पताल, सबल केन्द्र, खजुरा पुल, पकलिहवा र भुजहवामा बर्थिङ सेन्टर, चौपता अस्पतालमा डायलासिस सेन्टर, युवा उद्यमशीलता, गण्डक नहरमा बालुवा थिगार्ने पोखरीजस्ता दर्जनौं र दूरगामी महत्वका काम हामीले अगाडि बढाएका छौं । यहाँका युवाको आयआर्जनका लागि स्वदेश एवं विदेशमा रोजगारीका अवसर सिर्जना गर्न महत्वपूर्ण काम भएका छन् । केही काम पूरा भएका छन्, केही पूरा हुने क्रममा छन् । धेरै काम गर्न बाँकी छन् । आर्थिक विकास नै मेरो मुख्य प्राथमिकता हो । त्यसैले विकासका कामलाई तीव्रतर गतिमा अगाडि बढाउन, नवलपरासीलाई विकास मोडलको जिल्लाको रूपमा स्थापित गर्न म दीर्घकालीन सोचसहित काम गरिरहेको छु । यस अभियानमा नवलपरासीबासीले दिनुभएको साथका लागि म पुनः आभार व्यक्त गर्दछु । र, आगामी फागुन २१ गते हुने आमनिर्वाचनमा पनि रुख चिन्हमा मतदान गरी विकास निर्माण अभियानमा साथ दिनुहुन म सम्पूर्ण मतदाताका साथै नवलपरासीबासीमा हार्दिक अनुरोध गर्दछु ।

**जय नेपाल !**

## मैले २०७९ को निर्वाचनमा व्यक्त गरेको प्रतिबद्धता-पत्र र तीन वर्षमा भएका उपलब्धिहरू :

### १. नवलपरासी क्षेत्र नं. १ लाई विकास र समृद्ध बनाउन लुम्बिनी प्रदेशकै नमुना निर्वाचन क्षेत्रका रुपमा स्थापित गर्न गुरुयोजना तयार गरी कार्यान्वयन गरिनेछ :

- निर्वाचन सम्पन्न हुनासाथ सबै विकास साझेदारहरूसँगको सहभागितामा १५ वटा गौरवका आयोजना छनौट गरी कार्य गरिरहेकोमा केही कार्यक्रम कार्यान्वयन योग्य नभएको कारणले १२ वटा कार्यक्रम क्रमशः गण्डक नहर व्यवस्थापन, प्रतापपुरमा एकीकृत उपनगर सहित चक्रपथ निर्माण, केरा तथा उखु खेती प्रवर्द्धन तथा बजार व्यवस्थापन, प्राविधिक विद्यालय स्थापना र सञ्चालन, सिंचाइको विद्युतीकरण, बुद्ध सर्किट (धार्मिक पर्यटन), विपन्नलाई आवास, प्रकृति मैत्री पर्वतीय पर्यटन प्रवर्द्धन, विशेष सेवा अस्पताल निर्माण, साना तथा मझ्यौला उद्यमशीलता विकास ग्राम (SME Village), खेलकूद विकास तथा प्रवर्द्धन, सरसफाई तथा हरियाली प्रवर्द्धन अभियान छनौट भई केही सम्पन्न भइसकेका र केही कार्यान्वयनको चरणमा रहेका छन् ।

### २. यस निर्वाचन क्षेत्रभित्र पर्ने (पूर्व पश्चिम राजमार्ग, हुलाकी सडक, पालिका एवं भन्सार नाका जोड्ने भित्री सडक र बाटाघाटा) स्तरीय बनाइनेछः

- पूर्व-पश्चिम राजमार्ग तथा हुलाकी सडकको काम अन्तिम चरणमा पुगेको छ । प्रतापपुर रिङ्गरोड तथा पालिकाहरू जोड्ने अन्य सडकको निर्माण कार्य द्रुत गतिमा भइरहेको छ ।
- हुलाकी राजमार्ग निर्माण गर्नको लागि ठेकेदारलाई भुक्तानी गर्नु पर्ने रकमको भुक्तानी व्यवस्था मिलाई द्रुतगतिमा काम गरिएको र हुलाकी सडकको निर्माण कार्य अन्तिम चरणमा पुगेको छ ।

## ३. यस निर्वाचन क्षेत्रभित्रका सामुदायिक विद्यालयहरुको गुणस्तर अभिवृद्धि, प्राविधिक शिक्षालयको स्थापना एवं सञ्चालनका साथै स्नातकोतर अध्ययनको व्यवस्था मिलाइनेछ ।

- सामुदायिक विद्यालयहरुको गुणस्तर अभिवृद्धि सम्बन्धमा गत वर्ष र यस वर्ष गरी ७ वटा विद्यालयहरु क्रमशः महेन्द्र माद्यमिक विद्यालय, सरावल, श्री नेपाल राष्ट्रिय मा.वि., सुस्ता, श्री गणेश मा.वि., प्रतापपुर, जनजागृती मा.वि., प्रतापपुर ६, गुठी पर्सौनी, आदर्श मा.वि. प्रतापपुर २, सेमारी, जनता मा.वि., भुजहवा, सरावल ६, महेन्द्र मा.वि., सुस्ता २, कुडियामा एस.ई.ई. तयारी कक्षा सञ्चालन गरिएको छ । यसले सामुदायिक विद्यालयका विद्यार्थीहरूलाई परीक्षामा राम्रो नतिजा ल्याउन सहयोग पुर्याएको छ ।
- बाल विकासका लागि शुभकामना आधारभूत विद्यालय, सुस्ता लगायतका विद्यालयलाई खेलकुद सामग्री प्रदान गरिएको छ ।
- सामुदायिक विद्यालयको गुणस्तर वृद्धिका लागि भारतीय शिक्षाविद् अरूण कपुरसँगको समन्वयमा शिक्षकहरूलाई तालिम दिने तथा शिक्षकहरूलाई आवश्यक तालिम TOT Training दिने काम सम्पन्न भएकोछ र विद्यार्थीहरूका लागि दूरशिक्षा (रिमोट टिचिङ्ग) पठनपाठन कार्यक्रम यसै आ.व.भित्र सञ्चालनमा ल्याइनेछ ।
- प्राविधिक विश्वविद्यालय सञ्चालनका लागि सम्बन्धित निकायमा आवश्यक कागजातसहित प्रस्ताव पेस गरिएको तर लुम्बिनी विश्वविद्यालय ऐनमा केही संशोधन गर्नुपर्ने भएको हुँदा सो ऐनमा संशोधान हुनासाथ स्वीकृतिको प्रकृया अगाडि बढ्नेछ ।

## ४. सरकारी विद्यालयमा डिजिटल कक्षा र ई.पुस्तकालयको व्यवस्था गरिनेछ :

- सर्भेक्षण पूरा भएका ६ वटा विद्यालयहरूमा यसै वर्ष भित्रमा डिजिटल क्लास र ई.पुस्तकालय सञ्चालनमा ल्याइनेछ । साथै आवश्यकता अनुसार अरू थप विद्यालयहरूमा पनि काम गरिनेछ ।

## ५. यस निर्वाचन क्षेत्रका हरेक नागरिकलाई गुणस्तर स्वास्थ्य सेवा उपलब्ध गराइनेछ :

- चिसापानीस्थित ट्रमा सेन्टर निर्माण कार्य यसै आ.व. भित्र सम्पन्न हुने अनुमान गरिएको छ ।
- चिसापानी अस्पताललाई स्तरोन्नति गरी सेवा विस्तार गरिएको छ ।
- चौपत्ता अस्पतालमा डायलोसिस सेवाको व्यवस्था मिलाइएकोछ । धुलिखेल अस्पतालसँगको समन्वयमा यस क्षेत्रका बासिन्दाका लागि प्रभावकारी स्वास्थ्य सेवा उपलब्ध हुने व्यवस्था मिलाइएको छ ।
- सुस्ता तथा भुजहवाको वर्थिङ्ग सेन्टर सञ्चालनमा ल्याउनका लागि चिकित्सक, स्वास्थ्यकर्मी, साथै अन्य सेवा सुविधा उपलब्ध गराइएको छ ।
- सबै पालिकाहरूमा स्वास्थ्य शिविर सञ्चालन गरिएसँगै पाठेघरमा समस्या देखिएका बिरामीका लागि निःशुल्क शल्यक्रिया सेवा उपलब्ध गराइएको छ ।
- सरालमा १५ शैयाको अस्पताल निर्माण गर्नको लागि आवश्यक बजेटको सुनिश्चितता गरी कार्य अगाडी बढेको छ ।
- सुस्तामा १५ सैयाको अस्पताल निर्माणाधिन रहेको र करिव ४० प्रतिशत काम पुराभइसकेको छ ।

**६. यस निर्वाचन क्षेत्रभित्रका युवाहरुलाई उध्यमशीलतासँग जोड्न विभिन्न स्वरोजगारमूलक तालिमका साथै सीपमूलक कार्यक्रम सञ्चालन गरिनेछ :**

- दिव्य ज्योति क्याम्पसमा नबिल एस.एस.ई. कार्यक्रम सञ्चालन गरी सामाजिक उद्यमशिलता विषयमा ७२ जनाले सफलतापूर्वक तालिम सम्पन्न भएकोछ र २५ जना प्रशिक्षार्थीहरुलले तालिम लिइरहेकाछन् ।
- सी.जी. पोलिटेक्निकबाट मेकानिकल, इलेक्ट्रिकल, रेफ्रिजेरेटर तथा वासिङ्ग मेसिन मर्मतजस्ता तालिम १५२ जना युवाहरुलाई प्रदान गरी युवाहरूलाई स्वरोजगार बनाइएको छ ।

**७. सिर्जनशील व्यावसायिक सोच भएका तर पुँजी अभावमा आफ्नो सोच कार्यान्वयन गर्न नपाएका युवाहरुलाई स्टार्टअप फन्डसँग जोडिनेछ :**

- नेपाल राष्ट्र बैंकको नीति अनुसार विभिन्न बैंक तथा वित्तिय संस्थासँग आवश्यक समन्वय गरी नबिल एस.एस.ई. कार्यक्रममार्फत दिव्य ज्योति क्याम्पसमा तालिमको व्यवस्था गरी युवाहरूलाई स्वरोजगारसँग जोड्ने र आवश्यक परेका व्यक्तिलाई सरल कर्जा मार्फत वित्तीय सहयोगको समेत व्यवस्था मिलाउन सहजिकरण गरिएको छ ।

**८. सूचना प्रविधिसँग सम्बन्धित परियोजनालाई कार्यान्वयनमा लैजान युवाहरुका योजनालाई नेपाल राष्ट्र बैंकको नीतिबमोजिम तथा वितिय संस्थाबाट सहज रुपमा लगानीको वातावरण मिलाइनेछ :**

- युवाहरुका श्रृजनशिल प्रोजेक्टहरुमा विभिन्न बैंक तथा वित्तिय संस्थाबाट लगानी गर्न आवश्यक समन्वय गरिएकोछ ।

**९. यस क्षेत्रबाट वैदेशिक रोजगारीमा गएका वा जान बाध्य हुने युवाहरुलाई स्थानीय तहमै रोजगारी एवं स्वरोजगारीका अवसर उपलब्ध गराई आ-आफ्नै जन्मथलोमा बसेर आयआर्जन गर्न पाउने वातावरण तयार गर्नेतर्फ दरिलो कदम चालिनेछ :**

→ विभिन्न तालिमहरु ब्युटिसियन १३२ जना, सिलाइ-कटाइ तालिम २४ जना, बेकरी तालिम ३० जना र ठेलागाडा ३० वटा वितरण आदिका माध्यमबाट युवा वर्गलाई स्वरोजगार बनाउँने प्रयास गरिएको छ ।

**१०. यस निर्वाचन क्षेत्रलाई केरा खेती विशेष क्षेत्रका रुपमा स्थापित गरिनेछ :**

→ नवलपरासीलाई विशेष केरा जोनका रूपमा अगाडि बढाइएको छ ।

→ केरा तथा उखुको विकासका लागि मलको थप कोटाको व्यवस्था मिलाइएको छ ।

→ उन्नत जातको केराको बेर्ना उत्पादन गर्न नवलपरासीमै एक विशिष्ट प्रकारको नर्सरी स्थापनाका लागि प्रदेश सरकारसँग पहल भइरहेको छ ।

**११. यस निर्वाचन क्षेत्रमा केरा उत्पादक किसानलाई प्रत्यक्ष लाभको सुनिश्चितताका लागि केरामा आधारित उद्योग स्थापना गर्न आवश्यक सहजीकरण गरिनेछ । यसबाट किसानले उचित मूल्य नपाउने हालको परिस्थितिको अन्त्य भई यसबाट केराखेती व्यवसाय प्रवर्धन हुनेछ :**

→ यसका लागि सुस्तामा जग्गा खरिद गरिसकिएको छ ।

→ स्थानीय तहमा हाल उत्पादित विभिन्न जातका केराको परीक्षण गर्दा राम्रो गुणस्तरको उत्पादन नआउने भएको हुँदा आवश्यकता अनुसारको उन्नत जातको बेर्ना वितरण गरी ती उत्पादनको प्रयोग गर्ने गरी काम अगाडि बढाइने छ ।

→ उद्योग स्थापना गर्न लिएको जग्गालाई यसै राखिने छैन । उक्त जग्गामा किसानसँग प्रत्यक्ष सम्बन्ध स्थापना गर्ने अर्को उद्योग स्थापना गरिने छ ।

**१२. यस निर्वाचन क्षेत्रमा भारतमा निर्यात प्रवर्धन गर्ने लक्ष्यका साथ औद्योगिक ग्राम स्थापनाका लागि विशेष पहल गरिनेछ । यसबाट बेरोजगारी समस्या सामाधानमा विशेष टेवा पुग्ने विश्वास लिइएको छ :**

→ बर्दघाट नगरपालिका वडा नं. ५ मा साना तथा मझौला औद्योगिक ग्राम निर्माण कार्य भइरहेको छ । औद्योगिक ग्राम निर्माण सम्पन्न पश्चात् उधोग स्थापना भई स्थानीयले उद्यमशिलताका र रोजगारीका अवसर प्राप्त गर्नेछन् ।

→ साना तथा मझौला औद्योगिक ग्रामलाई सञ्चालनमा ल्याउनको लागि संभावित लगानीकर्ताहरु बीच लगानी सम्मेलन गरी स्थानिय तथा वाह्य लगानी गर्न प्रोत्साहन गर्नेगरी कार्य भइरहेकोछ ।

→ आफ्नो राजनीतिक कर्मक्षेत्रमा औद्योगिकरणको पूर्वाधार तयार गर्न म कटिवद्ध रहँदै आएकोछु । औद्योगिक ग्राममा नवप्रवर्तन लगायतका उद्योगहरु स्थापना गर्न आवश्यक वातावरण मिलाइएकोछ ।

**१३. यस निर्वाचन क्षेत्रका महिलालाई लक्षित गरी महिला सीप विकास र लघु उद्यमशीलताका कार्यक्रम सञ्चालन गरिनेछ :**

→ ब्युटिसियन..तालिम १३२ जनालाई र विपन्न वर्गलाई ३० वटा ठेला वितरण गरिएका छन् । यसले धेरै स्थानीय स्वरोजगार तथा उद्यमशील भएका छन् ।

**१४. यस निर्वाचन क्षेत्रका नागरिकको समस्या समाधानका लागि सहजीकरण गर्न निर्वाचन क्षेत्रमा सांसद सचिवालय स्थापना गरिनेछ भने केन्द्रमा सम्पर्क कार्यालय स्थापना गरिनेछ :**

➔ बर्दघाट नगरपालिका-७ बेलाहानीमा रहेको सचिवालयले स्थानीय समस्याका सम्बन्धमा समन्वय गरिरहेको र त्यसैगरी काठमाडौंमा रहेको सचिवालयले केन्द्र तथा प्रदेशमा भएका समस्यामा समन्वय गरिरहेको छ ।

**१५. उखु किसानले हाल भोग्दै आएको भुक्तानीको समस्या अन्त्य गरिनेछ । साथै किसानलाई उखुको उचित मूल्य र बजार सुनिश्चितताको व्यवस्था मिलाइनेछ :**

➔ प्रत्येक वर्ष उखुको न्यूनतम मूल्य निर्धारणका लागि विभिन्न पहल गरिदैं आएको छ । किसानलाई उखुको भुक्तानीका लागि आवश्यक सहजीकरण गरीएको छ । विगत वर्षहरुमा दिँदै आएको अनुदान रकम कटौती गरिएकोमा पुरानो अनुदानलाई कायम राख्न विशेष पहल गरिएको छ ।

**१६. किसानलाई नगदे बालीमा प्रोत्साहन गरी दीर्घकालीन आम्दानी सुनिश्चित गर्ने वातावरण तयार गरिनेछ :**

➔ उखु किसानलाई प्रदान गरिने अनुदान रकम वृद्धिका लागि पहल भइरहेको छ । विगतमा प्रदान गरी रहेको अनुदान रोकिएको सम्बन्धमा संसद् तथा सम्बन्धित मन्त्रालयमा पटक-पटक कुरा उठाई भुक्तानीको व्यवस्था मिलाइएको छ ।

**१७. सिंचाइमा आधारित धान, गहुँ लगायतका परम्परागत खेतीलाई व्यावसायिकीकरण गरी किसानको आम्दानीको दिगो वातावरण मिलाइनेछ । साथै, सिंचाइ व्यवस्थापनमा रहेका हालका समस्यालाई समाधान गर्नेतर्फ आवश्यक पहल गरिनेछ :**

➔ सिंचाइ व्यवस्थापनका लागि गण्डक नहरको मर्मत, सम्भार तथा सरसफाइ तीव्र गतिमा भएका कारण सिंचाइ सुविधा

राम्रो हुन गएको छ । नहरको मुहानमा बालुवा थिगार्ने पोखरीको निर्माण सम्पन्न भएपश्चात् नहर पूर्ण क्षमतामा सञ्चालनमा आएको हुँदा किसानहरू व्यावसायिक खेतीतर्फ उन्मुख हुँदै गएका छन् । यसले गर्दा समयमै खेतीपाती लगाउने तथा उत्पादनमा समेत वृद्धि भएको छ ।

**१८. किसानले वर्षौंदेखि भोग्दै आएको रासायनिक मल, बिउबिजनको समस्यालाई अन्त्य गरी मागअनुसार आपूर्ति गर्ने व्यवस्था मिलाइने छ :**

- नवलपरासीका लागि पहिलेको भन्दा रासायनिक मलको कोटामा वृद्धि गरिएको छ ।

**१९. आर्सेनिकका कारण शुद्ध खानेपानीको समस्या भोगिरहेका नागरिकलाई शुद्ध खानेपानीको व्यवस्था मिलाउने कामलाई द्रुत गतिमा अघि बढाइनेछ :**

- यस सम्बन्धमा चौधरी फाउण्डेशनद्वारा प्रतापपुर गाउँमा शुद्ध खानेपानी योजना सञ्चालन गरी आर्सेनिक मुक्त खानेपानीको व्यवस्था गरिएको छ ।
- २५ वटा विभिन्न सामुदायिक विद्यालयहरू Smart Drinking Water परियोजना अन्तर्गत क्रमशः श्री विरेन्द्र आधारभूत विद्यालय, श्री लक्ष्मीपुरा आधारभूत विद्यालय, श्री महेन्द्र माध्यमिक विद्यालय, श्री सावित्री आधारभूत विद्यालय, श्री जनता माध्यमिक विद्यालय, श्री जनजागृति आधारभूत विद्यालय, श्री वि.पी. माध्यमिक विद्यालय, श्री दिपेन्द्र आधारभूत विद्यालय, श्री शुभकामना आधारभूत विद्यालय, मदरशा गौसिया अहले सुन्नत आधाभूत विद्यालय, श्री पशुपति शिक्षा मन्दिर, श्री जनता आधारभूत

विद्यालय, श्री सिद्ध ज्योति आधारभूत विद्यालय, श्री त्रिभूवन माध्यमिक विद्यालय, श्री जनजागृति माध्यामिक विद्यालय, श्री शान्ति निकुञ्ज रेवती गौमाता गौतम माध्यमिक विद्यालय, श्री विनोद नीता कँडेल आधारभूत विद्यालय, श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय, श्री आदर्श माध्यमिक विद्यालय, श्री नित्यानन्द रत्न कुमारी माध्यमिक विद्यालय, श्री दाउन्ने देवी बहुमुखी क्याम्पस, श्री दुर्गा आधारभूत विद्यालय, त्रिभुवन क्याम्पस, राष्ट्रिय माद्यमिक विद्यालय र प्रतापुर गाउँमा शुद्ध खानेपानीको व्यवस्था गरिएको छ । क्रमिक रूपमा आवश्यकताअनुसार थप अरू विद्यालयमा पनि शुद्ध खानेपानीको व्यवस्था गरिनेछ ।

## २०. कुनै दुर्घटना वा अन्य कारणले हातखुट्टा गुमाएका यस निर्वाचन क्षेत्रका नागरिकलाई कृत्रिम हातखुट्टा निःशुल्क उपलब्ध गराउन 'सबल केन्द्र' को स्थापना गरिनेछ :

→ चिसापानी अस्पतालमा सबल सेन्टर स्थापना गरी सेवा प्रवाह भइरहेको छ । नवलपुरबाट समेत हालसम्म देशभरका करिब एक हजार जनाले कृतिम हात खुट्टाको सेवा प्राप्त गरेका छन् ।

## २१. सरकारी कार्यालयबाट प्रवाह हुने सेवाको सहजता र गुणस्तर को विशेष प्राथमिकता दिई आमनागरिकले बिनाझन्झट सेवा पाउने वातावरण तयार गरिनेछ :

→ यस सम्बन्धमा स्थानीय स्तरमा बेलाहानीस्थित सचिवालयले र केन्द्र तथा प्रदेशका लागि काठमाडौंस्थित सचिवालयले आवश्यकताअनुसार समन्वय गरिरहेको छ ।

**२२. भारतसँग जोडिएका नाकामार्फत नेपाल-भारतबीच आयात-निर्यात व्यापार प्रवर्द्धन गर्न नेपाल सरकार र भारत सरकार बीच कूटनीतिक पहल गरिनेछ :**

→ नेपाल सरकार तथा भारत सरकारसँग आवश्यक पहल गरिएको छ । नेपाल सरकारबाट निर्णय गराउन पहल भइरहेको छ ।

**२३. यस निर्वाचन क्षेत्रमा सुक्खा बन्दरगाह स्थापनाका लागि पहल गरिनेछ :**

→ अर्थ मन्त्रालय तथा उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयमार्फत प्रयास भइरहेको छ ।

**२४. यस निर्वाचन क्षेत्रमा सम्बन्धित निकायबाट सजिलै जग्गाधनी प्रमाणपुर्जा दिलाउने पहल गरिनेछ ।**

→ भूमिहीनताको अन्त्यका लागि भूमिहीन व्यक्तिहरूलाई बसोबास तथा भोगचलनको आधारमा जग्गाधनी प्रमाणपुर्जा दिलाउने काम भइरहेको छ । हालसम्म २५० जनालाई जग्गाधनी प्रमाण पूर्जा वितरण गरेको, करिव १०० जनालाई पूर्जा वितरण कार्य अन्तिम चरणमा रहेको छ ।

**२५. भूमिसम्बन्धी समस्या समाधान गर्न सरकारसँग समन्वय गरी समस्या समाधान गरिनेछ :**

→ भूमिसम्बन्धी आयोग गठन भएपश्चात् नापीको काम अगाडि बढेको छ ।

**२६. पर्यटन प्रवर्धन गर्न यस क्षेत्रभित्र रहेका योसँग जोडिएको त्रिवेणीधाम, रामग्राम, बुद्ध मंगल ताल, कञ्चनगढी, संसार कोट, त्रिनेत्रधामलगायत अन्य धार्मिक एवं पर्यटकीय स्थलको अध्ययन गरी पूर्वाधार विकासमा जोड दिइनेछ :**

→ त्रिवेणी धाम, बुद्ध मंगल ताल, कञ्चन गढी, संसारकोट जस्ता क्षेत्रमा आवश्यक बजेट विनियोजन भई काम भइरहेको र

समग्र पूर्वाधार विकासका लागि डी.पी.आर. तयार गरी बहुवर्षीय कार्यक्रममा पेस गरिएको र बजेट विनियोजनको क्रममा रहेको छ ।

- अम्वास हुँदै संसारकोट सहज पहुँचका लागि बजेट विनियोजन गरी काम भइरहेको र आगामी वर्षमा सम्पन्न गरिनेछ । यो बाटो निर्माण पूरा भएपछि पूर्व-पश्चिम राजमार्गको वैकल्पिक बाटोको रुपमा प्रयोग हुनेछ ।

**२७. सीमा क्षेत्रमा रहेका केही नेपाली भूमि गुगल म्यापमा भार ततर्फ देखिने गरेका कारण स्थानीयहरूले बैंक तथा वित्तीय संस्थाबाट उक्त जग्गा धितोमा राखी ऋण नपाउने अवस्था छ । उक्त समस्या समाधानका लागि बैंक तथा वितिय संस्था एवं सरकारको सम्बन्धित निकायसँग समन्वय गरी यथाशीघ्र समाधान गरिनेछ :**

- यस सम्बन्धमा आंशिक सफलता प्राप्त भएको छ । सरकारी बैंकहरुले यि ठाउँमा लगानी गरेका छन् । नीजि क्षेत्रका बैंकहरुबाट समेत लगानी गर्नको लागि पहल भइरहेकोछ ।

**२८. पिछडिएका मुसहरका लागि आवासको व्यवस्था मिलाइनेछ :**

- चालू आ.व.मा रु. ३ करोडको बजेट विनियोजन गरिएकोमा जेनजीको आन्दोलनका कारण यो कार्यक्रम केही समयका लागि स्थगित भएको छ तर चाँडै नै काम शुरू हुनेछ ।

**२९. डुबानबाट प्रभावित घरघुरी वास्तविक अवस्था अध्ययन गरी सुरक्षित आवासको वैकल्पिक व्यवस्था गरिनेछ :**

- डुबान परेकाहरुको तथ्यांक संकलन गरी पालिकाबाट समेत सिफारिस गरिएपश्चात् व्यवथापनका लागि आवश्यक प्रयास भइरहेको छ ।

**३०. यस क्षेत्रमा खेलकुदको विकास गर्न रंगशालालगायत विभिन्न कार्यक्रम तय गरिनेछ :**

- खेलकुद विकासका लागि विभिन्न क्लब तथा युवा समूह ६ वटा संस्थालाई खेलकुद सामग्री एवं आर्थिक सहयोग वितरण गरिएको छ ।
- सूर्यनगरमा खेल मैदान निर्माण गर्न प्रदेश सरकारबाट रु. ५० लाख तथा बर्दघाट १४ बुद्ध बस्तीमा क्रिकेट ग्राउन्ड निर्माणका लागि आ.व. २०८०/०८१ मा केन्द्रबाट रु. १० लाख र आ.व. २०८२/०८३ मा प्रदेश सरकारबाट रु.१४ लाख बजेट विनियोजन भएको छ ।

**३१. गण्डक परियोजनाअन्तर्गत १५ मेगावाट क्षमताको हाइड्रो पावरले हाल अधिकतम ३ मेगावाट मात्र उत्पादन गरिरहेको अवस्था छ। यस परियोजनाबाट पूर्ण क्षमतामा विद्युत उत्पादन गर्न नेपाल र भारततर्फका सम्बन्धित निकायहरुसँग समन्वय गरी विद्यमान समस्याको समाधान गरिनेछ :**

- आवश्यक मर्मत पश्चात् २ वटा टर्बाइन सञ्चालनमा रहेको र थप अर्को टर्बाइन पनि यसै आ.व. मा मर्मत गर्ने कार्यक्रम रहेको छ ।
- पानीको अभाव नभए आगामी वर्षदेखि ३ वटै टर्बाइन पूर्ण क्षमतामा सञ्चालनमा आउनेछन् ।

# तस्विर आफै बोल्छन्




यस्तो बन्दैछ बर्दघाटमा ट्रमा सेन्टर



खजुरा खोलामा निर्माणाधिन पुल



महेन्द्र माध्यामिक विधालय नवलपरासीका छात्राहरुलाई साइकल बितरण



फरक क्षमता भएका व्यक्तिहरुलाई सहायता सामाग्री हस्तान्तरण




सी.जी. सबल केन्द्रको उद्घाटन



प्रतापपुरमा स्वच्छ पानि शुद्धीकरण प्रणाली जडान




चौपता अस्पतालमा डाइलोसिस सेन्टर स्थापना




नवलपरासीका युवाहरुलाई सीप मुलक तालिम



ऊखु किसानका पक्षमा संसदमा बोल्दै विनोद चौधरी



महिलाहरुलाई जिविकोपार्जनका लागि ठेला वितरण

देश निर्माणको संकल्पका साथ
नयाँ यात्रा प्रारम्भ गर्दैछौं हामी ।
हाम्रो केवल एक ध्येय छ - देशको समुन्नति ।

# रुख चिन्हमा मतदान गरौं




विनोद चौधरीको सम्पर्क सचिवालय
binodchaudharypol@gmail.com

Mr.BinodChaudhary BinodKChaudhary binodk.chaudhary